नेपाल सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालय

# नेपाल शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत नीति

तेस्रो मस्यौदा (संस्करण २)

अगष्ट २००८

# विषय सूची


| | |
|---|---|
| १. परिचय र औचित्य | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ इतिहास | १ |
| १.३. हालको नीतिगत वातावरण | २ |
| १.४ सवाल तथा चूनौतिहरु | ४ |
| १.५ नीति तर्जुमाको औचित्य | ५ |
| १.६. परिभाषा | ६ |
| २. लक्ष्य | ८ |
| ३. नीति | ८ |
| ४. रणनीति | ९ |
| ४.१ जनस्वास्थ्य | १० |
| ४.२ आर्थिक बृद्धि | ११ |
| ४.३ सामाजिक समावेशीकरण | ११ |
| ४.४ लगानीको अधिकतम उपयोग र संरक्षण | १२ |
| ४.५ वातावरण संरक्षण | १५ |
| ४.६ दक्ष, प्रभावकारी र उत्तरदायी शहरी खानेपानी तथा सरसफाइ क्षेत्र | १६ |

# १. परिचय र औचित्य

## १.१ पृष्ठभूमि

आम जनताको स्वास्थ्यमा सुधार ल्याउने र गरीबि निवारण गर्ने उद्देश्य प्राप्तिका आधार स्वच्छ खानेपानी र सरसफाइको सुविधाहरुमा पहुँच हो । यस्ता अत्यावश्यक आधारभूत सेवामा पहुँच नहुनाले नै धेरै रोगव्याधी देखिएका र धेरै नेपाली नागरिकहरुका जीवन छोट्टिएको या कष्टकर बनेको तथ्य सर्वविदितै छ । करीव ८०% रोगहरु पानी र सरसफाइको कारण देखा पर्दछन् र झण्डै प्रत्येक वर्ष १३,००० बालबालिकाको मृत्यु झाडापखाला, टायफाइड, कमलपित्त र हैजा जस्ता रोगका कारण हुने गर्दछन् । सबै प्रकारका Disability Adjusted Life years(DALYs) मध्ये ४% अस्वस्थ्यपन, औषधि उपचारको आर्थिकभार, गुमेको समय र अवसरहरु, जो यस्ता आधारभूत सेवामा पहुँच नहुनाले देखा पर्छन् ।

स्पष्ट छ, दक्षिण एसियामा खानेपानी र सरसफाइमा गरिएको लगानीको आर्थिक प्रतिफल, खानेपानीमा ३.५, सरसपफइमा ६.९ र एकीकृत आयोजनामा ६.६ हुने अनुमान छ[१] । त्यसैले नेपाल सरकार खानेपानी तथा सरसफाइ सुविधालाई आधारभूत मानवीय आवश्यकता र मौलिक अधिकारको रुपमा सम्पूर्ण जनताका लागि पुऱ्याउने लक्ष्य लिएको छ ।

## १.२ इतिहास

यो राष्ट्रिय नीति ( शहरी खानेपानी तथा सरसफाइ) सरकारको दश वर्षे लामो घनिभूत कानूनी कार्य र क्षेत्रगत र उपक्षेत्रगत नीतिहरुको आधारमा बनेको छ । यसका आधारहरु हुन्- जलस्रोत, राष्ट्रिय सरसफाइ, ग्रामिण खानेपानी तथा सरसफाइ, पानीको गुणस्तर र शहरी विकास । सन् १९९० को दशकमा, राजनैतिक उदारीकरण, विकेन्द्रीकरण र विकासका बाह्य सहयोगीहरुका कारण यस क्षेत्रमा नयाँ सहयोगीहरु- सामुदायीक समूह ,स्थानीय सरकार र नीजी क्षेत्र, गैरसरकारी संस्थाहरु देखा परे । जस्तै मागद्वारा निर्देशित सामुदायीक र सहभागीतात्मक पद्धति समेत नयाँ कार्य प्रणालीले समुदायलाई स्कीमहरुको पूर्ण जिम्मेवारी लिने र यस क्षेत्रको न्यून स्रोतहरुको उचित व्यवस्थापन गर्ने कार्यमा अभिप्रेरित गरेको छ ।

“कभरेज” को परिभाषा भिन्न भिन्न भएता पनि खानेपानी क्षेत्रको “कभरेज” को तह भने लक्ष्यको नजिक पुग्ने क्रममा बढ्दै गएको देखिन्छ । यो तथ्य दशौं योजना, २००७ को (तालिका १) तथ्याङ्कले पनि पुष्टि गर्छन् । सरकारले खानेपानीको सेवा/सुविधालाई आधारभूत, मध्यम र उच्च गरी तीन तहमा बाँडेको छ । जनस्वास्थ्यको लागि केन्द्रिय भूमिका खेले तापनि सरसफाइले खानेपानीको भन्दा कमै प्राथमिकता पाएको छ । सन् २००१ देखि यस क्षेत्रमा देखिएको विकासलाई

---

[१] Economic and health effects of increasing coverage of low cost household drinking-water supply and sanitation interventions to countries off-track to meet MDG target 10, WHO/UNDP,2007

बालबालिकाको मृत्यदर ९१ प्रति १००० जिवित जन्ममा,(२००२) मा घटेर ६१ प्रति १०००,(२००६) हुनुले पनि संकेत गर्दछ ।

तालिका १. खानेपानी तथा सरसफाइ “कभरेज” (२००७)

| कमजोर | दशौ योजना लक्ष्य (२००२-०७) | दशौ योजना प्रगति |
|---|---|---|
| % जनसंख्या (सुधारिएको खानेपानी सुविधा) MDG target 73% | ८५ | ७६.६ |
| % जनसंख्या आधारभूत सरसफाइ MDG target- 53% | ५० | ४६ |

स्रोत( रा.यो.आ.)

जनसांख्यिक हिसावले बस्तीहरुको आकार द्रूततर गतिमा परिवर्तन भए पनि करीव ८५% जनता अझै पनि ग्रामिण क्षेत्रमै बसोबास गर्छन् । आर्थिक , समाजिक सुरक्षा तथा अन्य कारणले मानिसहरु स्थापित शहर र साना शहरमा बसाइ सर्ने कार्य तिव्र भइरहेको छ । शहरी जनसंख्या मध्य पहाडी ,उपत्यका र तराइका फाँटमा बढी देखिएका छन् । ५८ नगरपालिका जस मध्ये २/३ जनसंख्या १६ वटा ठू-ठूला शहरमा केन्द्रित छन् ।

कुल शहरी जनसंख्या, राष्ट्रिय जनसंख्याको अनुपातमा सन् १९७१ मा ४% ले र सन् २००१[२] मा १३.९% ले बढेको थियो भने सन् २०२१ सम्म २६.७ % ले बढ्ने अनुमान गरिएको छ । शहरी खानेपानीको माग प्रति वर्ष ६% देखि ९% (जुन राष्ट्रिय जनसंख्या बृद्धिदर भन्दा झण्डै ३ गुणा बढि छ) ले द्रुततर गतिले बढ्दै गएको छ र यसले विद्यमान खानेपानी तथा सरसफाइ सुविधाहरुमा निक्कै ठूलो दवाव सिर्जना गरेको छ ।

शहरी पूर्वाधार विकास पहिले देखि नै अव्यवस्थित र बिना संयोजन हुँदै आए, जसका कारण जीवनस्तर, आर्थिक उन्नती र वातावरणमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । सन् २००१ देखि २०११ सम्मको नयाँ शहरी खानेपानी र सरसफाइका पूर्वाधारका लागि ८५ लाख डलर लाग्ने अनुमान गरिएको छ ।

## १.३. हालको नीतिगत वातावरण

शहरी खानेपानी तथा सरसफाइमा सरकारको लगानी २० वर्षे क्षेत्रगत अवधारणा पत्र (१९९७-२०१७) जसले २०१७ सम्म सम्पूर्ण जनतालाई खानेपानी सेवा पुर्‍याउने र राष्ट्रिय पानी योजना (२००२-२००७) बाट निर्देशित छ । यसको अलावा शहरी खानेपानी र सरसफाइ नीतिले

[२] केन्द्रिय तथ्यांक विभाग, २००३

आफ्नो उद्देश्य पूरा गर्न नयाँ र क्षेत्रगत औचित्य राख्ने प्रमुख कानूनलाई विचार गर्नु पर्छ । यस परिप्रेक्ष्यमा निम्न लिखित दस्तावेजहरु सान्दर्भिक देखिन्छन् :

सरकारको ३ वर्षे अन्तरीम योजना (२००७-२०१०) ले सेवारत, पानीको गुणस्तर र स्कीम मर्मत संभारमा द्र’ततर शहरी विकासको प्रभावलाई ध्यानमा दिनुपर्ने आवश्यकतालाई औल्याइदै शहरी क्षेत्रमा प्राथमिकता दिनु पर्ने निर्देशित गरेको छ । यो दस्तावेजले शहरी स्कीमहरुमा स्थलगत सरसफाइ, ढल र ठोस फोहर मैला व्यवस्थापन समेत गर्नु पर्ने र विशेष गरी उपभोक्ताहरुद्वारा लागत उठौती हुने कुरालाई समर्थन गरेको छ । नीजि क्षेत्रका संस्थाहरुको बढ्दो भूमिका सहित स्थानीय निकायहरुले आयोजना संचालनको जिम्मेवारी लिने छन् ।

यो दस्तावेजले पारदर्शिता र सु-शासन र उपभोक्ताहरुको हित संरक्षणको आवश्यकतामा पनि जोड दिएको छ । महिला र उपेक्षित समूहको पनि विकास प्रक्रियामा पूर्ण सहभागीता रहोस् भन्ने उद्देश्यले सामाजिक समावेशीलाई पनि बढी जोड दिएको छ ।

ग्रामिण खानेपानी तथा सरसफाइ संवन्धी राष्ट्रिय नीति (२००४) ले ग्रामीण क्षेत्रमा हुने सामुदायीक र सहभागीतात्मक पद्धतिमा आधारित खानेपानी तथा सरसफाइ सुविधाहरुको सेवा संचालनलाई निर्देशन दिएको छ । यो नीतिमा उल्लेखित स्थानीय समुदायको क्षमता अभिवृदि र उपभोक्ताहरुको सहभागीता जस्ता कुराहरु शहरी क्षेत्रको लागि सान्दर्भिक भएता पनि निर्माण नगरपालिकाहरुले शहरी क्षेत्रमा यी सेवाहरु निर्माण तथा संचालन गर्दा व्यहोर्नु पर्ने जटिल संचालन-प्रकृयालाई यसले समेटेको छैन ।

राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड (२००६) ले नयाँ शहरी खानेपानी आपूर्ति स्कीमहरुले अपनाउनुपर्ने खानेपानी गुणस्तर मापदण्डबारे विस्तृत विवरण दिएको छ । यो मापदण्ड वातावरण संरक्षण ऐन ( १९९७) (जसले नयाँ आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन गरिनुपर्ने र सवै प्रकारका जल स्रोतको प्रदूषण नियनत्रण गर्नुपर्नेमा जोड दिएको छ) को पूरक भएको छ ।

नेपाल खानेपानी संस्थान ऐन (दोश्रो संशोधन (२००७) , खानेपानी व्यवस्थापन बोर्ड ऐन ( २००६) र खानेपानी महसूल निर्धारण आयोाग ऐन (२००६) ले काठमाडौं उपत्यकामा खानेपानी र सरसफाई सुविधालाई सुधार र व्यवस्थापन गर्ने प्रावधान दिएका छन् । यी दस्तावेजले शहरी स्कीमहरुमा निजी क्षेत्रद्वारा सन्चालन गर्ने स्वतन्त्र रुपले शुल्क निर्धारणका नियमहरु बनाउने जस्ता कार्यका लागि कानूनी आधार दिएका छन् ।

स्थानीय स्वायत्त शासन ऐन (१९९९) ले स्थानीय निकाय (सरकारी) लाई सामाजिक आर्थिक संस्थागत विकासका साथै पूर्वाधार निर्माण (खानेपानी तथा सरसफाईका सुविधा समेत) कार्यमा स्थानीय निकायलाई पूर्ण अधिकार र जिम्मेवारी हस्तान्तरण गर्ने कानूनी आधार दिएको छ । ५२ वटा जिल्लामा आवधिक जिल्ला विकास योजना तयार भए पनि दशवर्षे लामो राजनीतिक द्वन्द र लामो अवधिसम्म स्थानीय निर्वाचित जन प्रतिनिधिहरुको पद खाली भएका कारणले कार्यान्वयन हुन सकेनन् । यद्यपी स्था.स्वा.सा. ऐन, ३ वर्षे अन्तरिम योजनामा पनि जोड दिइएको अनुसार, नयाँ प्रस्तावित संघीय संरचना अन्तर्गत पनि केन्द्रविन्दु मै रहेको छ । यसैले नयाँ शहरी विकासका नीति प्रतिपादन गर्नु अति सान्दर्भिक छ । स्था. स्वा.सा. ऐनले सामाजिक रुपमा सिमान्तकृत समूहको

उत्थानलाई ठूलो प्राथमिकता दिएको छ । त्यस्तै गरी अधिकारमा आधारित सहभागीतात्मक पद्धति अपनाएर, स्थानीय स्रोतको अधिकतममा प्रयोग गरेर, वातावरण संरक्षण गरेर आयोजनाका कार्यहरु पूरा गर्ने प्राथमिकता दिएको छ ।

राष्ट्रिय शहरी नीति (२००७) ले नेपालको ऐतिहासिक असन्तुलन र अनियन्त्रित शहरी विकास माथि प्रकाश पारेको छ । यसले शहरी केन्द्रहरुलाई उत्तर-दक्षिण र पूर्व पश्चिम करिडरको पहुँचको आधारमा आर्थिक विकासको Catalyst को रुपमा हेरेको छ र सरसफाईको कमी, वातावरण विनाश र अन्य सेवा सुविधाको कमीका कारण शहरका गरीव जनताले भोगेका समस्यालाई उजागर गरेको छ । यो दस्तावेजले नगरपालीकाको योजना तर्जूमा गर्ने र एकिकृत रुपमा स्थानीय विकास कार्यहरु ( क्षेत्रिय तथा केन्द्रीय निकायका निर्देशनको आधारमा शहरी विकासको Master plan तयार गर्ने लगायत) सम्पन्न गर्ने जस्ता क्षमता अभिवृद्धि गर्ने नीति लिएको छ । विशेष गरी नीजि क्षेत्रको सहभागिता र पूर्वाधार विकासमा लगानी हुनुपर्ने नीति लिएको छ ।

देशको शहरी खानेपानी तथा सरसफाई क्षेत्रका चूनौति औंल्याउँदै. आयोजना सन्चालन तहमा, यो नीति प्रतिपादनको लागि महत्वपूर्ण विचारधारा निम्नलिखित ४ प्रमुख दस्तावेजले दिएका छन् ;

१. साना सहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना,

२. काठमाडौं उपत्यका खानेपानी क्षेत्र विकास कार्यक्रम,

३. शहरी तथावातावरण सुधार आयोजना,

४. विभिन्न खानेपानीका स्कीमहरु (नेपाल खानेपानी संस्थानद्वारा सन्चालित),

## १.४ सवाल तथा चूनौतिहरु :

विभिन्न क्षेत्रका लेखाजोखाबाट पहिचान गरिएका केही प्रमुख सवाल तथा चूनौतिहरु यसप्रकार छन् :

१. शहरी खानेपानी तथा सरसफाई गुरुयोजनाको अभावले गर्दा सेवा नपुगेकालाई सेवा विस्तार गर्ने काम अनियोजित र अप्रभावकारी सिद्ध भएको छ ।

   यसको फलस्वरुप सरसफाईका सुविधा अति फितलो भएको र शहरी वातावरण विग्रदै गएको स्पष्ट देख्न सकिन्छ ।

२. यो क्षेत्रका संस्थाहरु विशेष गरी नेपाल खानेपानी संस्थान, खानेपानी तथा ढल निकास विभाग, नगरपालीका र उपभोक्ता समितिहरुको आ-आफ्नो भूमिका स्पष्ट हुन नसकेकोले आयोजना तर्जूमा र संचालन अवधिमा धेरै भ्रमहरु सिर्जना हुने गरेका छन् । यसले गर्दा स्कीमहरुको स्वामित्व स्थानीय निकायलाई दिने, समग्रमा यस क्षेत्रमा पारदर्शिता बढाउने र जवाफदेयीपनलाई सुदृढ गर्ने प्रयासहरुमा नराम्रो असर परेको छ ।

३. यो क्षेत्रका संस्थाहरु वीच आपसी समन्वयन कार्य कमजोर छ ।

निर्णय गर्ने अधिकार केन्द्रबाट स्थानीय सरोकार संस्था/व्यक्तिसम्म पुग्न धेरै समय लाग्ने भएकोले विकेन्द्रीकरणका प्रकृयाहरु पनि ढीलो हुन पुगेका छन् ।

४. सापेक्षिक रुपले पारदर्शी र जवाफदेही संस्थाको रुपमा स्थापित भएता पनि खानेपानी तथा सरसफाई उपभोक्ता समिति र नगरपालीकाहरुले खानेपानी स्कीम निर्माण र संचालनको जिम्मा लिने हो भने, यस तर्फ पनि आफ्नो क्षमता प्रस्तुत गर्न सक्नु पर्छ । नत्रभने, स्कीमले राम्रो सेवा दिन नसक्ने, सेवा क्षेत्र विस्तार हुन नसक्ने र दीर्घकालीन सेवा सुविधा नहुने र शहरी वातावरण पनि विग्रने हुन सक्छ ।

५. लगानी उठाउने उद्देश्य र गरीव मध्येका पनि गरीवलाई सेवा पुऱ्याउने उद्देश्य जस्ता प्रतिस्पर्धी आवश्यकताको कारणले गरीव र सीमान्तकृत समुदायलाई चाँहिदो सुविधा पुग्न सकेको हुँदैन । यस्तो नहुन दिन अपनाइने Safe guard measures पर्याप्त भएको पाइदैन ।

६. पूर्वाधार निर्माणका लागि नगरपालिका र उपभोक्ता संस्थाले ऋण लिएर बोकेका आर्थिक बोझ यसै पनि वढी नै छ । त्यसमा पनि धेरै सरोकारवालाहरु संलग्न भएर हुने जटील कार्यान्वयन प्रकृयाले गर्दा त यो बोझ अझै वढ्न गएको पाइन्छ । फलस्वरुप धेरै ढिलाई र थप आर्थिक दायित्व वढ्न गएको पाइन्छ ।

७. स्कीम मर्मत संभारका लागि पर्याप्त व्यवस्था नभएको कारणले देशभरिका धेरै शहरी स्कीमहरु डिजाइन स्तर भन्दा धेरै कममा काम गरेका या कामै नगरेको पाइएको छ ।

८. नीजि क्षेत्रका सन्चालकहरु शहरी संचालनवाट उठ्ने पानी शुल्क र अन्य आम्दानीले मुनाफा हुने निश्चित् नभएसम्म संचालन र व्यवस्थापन सम्वन्धी जिम्मेवारी लिन इच्छुक देखिदैनन् ।

९. केन्द्रवाट खानेपानी तथा सरसफाई आयोजनाको अनुगमन र मूल्यांकन कार्य कमजोर हुँदा लाभान्वित जनसंख्या .(कभरेज) र स्कीमको कार्य क्षमता सम्वन्धी सही डाटा प्राप्त गर्न मुश्किल छ ।

१०. प्रक्षेपित जनसंख्याको वृद्धि संगसंगै सेवा विस्तार गर्न यो क्षेत्रमा थप रकमको आवश्यकता छ । शहरी क्षेत्रमा आर्थिक स्रोतको अभाव धेरै ठूलो छ ।

## १.५ नीति तर्जुमाको औचित्य :

शहरी वस्तीमा देखिएका जटील प्राविधिक, संस्थागत, सामाजिक र वातावरणीय चुनौतिहरुलाई सम्वोधन गर्नका लागि विशिष्ट शहरी खानेपानी तथा सरसफाई नीति सिफारिश गरिएको छ। यो नीतिले राष्ट्रिय शहर नीतिसंग नवाझिने गरी नयाँ र भइरहेका स्कीमहरुको लागि कानूनी मार्गनिर्देशकको कार्य गर्नेछ ।

सँधैजसो ओझेलमा पर्ने ढल व्यवस्थापन, तरल र ठोस फोहर मैला व्यवस्थापनलाई पनि यो नीतिमा महत्वपूर्ण स्थान दिइने छ । किनकि सरसफाईका यी आवश्यकताहरु विना शहरी विकास भएमा यसले जनस्वास्थ्य र वातावरणमा गम्भीर खतरा निम्त्याउन सक्छन् । छोटकरीमा, यो नीतिले जनस्वास्थ्य, सामाजिक, आर्थिक र वातावरणिय संरक्षण-उपायहरुका महत्वलाई आत्मसात् गदै तीनको उपलब्धीका लागि आवश्यक निर्देशिका समेटेको छ ।

नैतिक जिम्मेवारीको कारणले मात्र हैन, सर्वोत्तम आम सरोकारको कारणले पनि शहरीया गरीव जनताको विशिष्ट आवश्यकता पूरा गर्ने प्रावधानहरु पनि राखिने छन् । वाक्लो जनसंख्या भएको शहरी वस्तीमा रोग व्याधिले न सामाजिक र आर्थिक सीमा चिन्दछन् न त अस्वास्थ्यकर वानी व्यहोरा नै । रोग व्याधीले वस्तीका सम्पूर्ण वासिन्दालाई रोग ग्रस्त तुल्याउन र तिनको जीवनस्तर घटाउन सक्ने क्षमता राख्दछ ।

## १.६. परिभाषा :

क. सुरक्षित खानेपानी आपूर्ति :

जमीनमूनिबाट तानिएको या जमिनबाट झिकिएको (वर्षाते पानी संकलन समेत), त्यसपछि प्रशोधन, भण्डारण गरेर पिउन या अन्य घरायसी वा अर्थोपार्जन प्रयोजनका लागि वितरण गरिएको पानीलाई "सुरक्षित खानेपानी आपूर्ति" भनी बुझिन्छ । पिउनको लागि आपूर्ति हुने पानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार हुनुपर्छ ।

ख. सरसफाई :

दिसा मुखमा परिलाग्ने रोगहरु नियन्त्रण गर्ने उद्देश्यले गरिएका मानवीय मलमूत्र व्यवस्थापन (चर्पी निर्माण जस्ता भौतिक सुविधाहरु) र स्वास्थ्य शिक्षा र सरसफाई जस्ता जनचेतना अभिवृद्धि कार्यहरुलाई "सरसफाई" भनी बुझिन्छ ।

ग. वातावरणीय सरसफाइ :

वातावरणका सम्पूर्ण भौतिक भागहरु जसले मानवीय स्वास्थ्यमा र जीवनमा नराम्रो असर पार्न सक्छन्, तिनलाई नियन्त्रण गर्ने वृहत अवधारणालाई " वातावरणीय सरसफाई" भनिन्छ । वातावरणीय सरसफाइ अन्तर्गत "सरसफाई" का अलावा ढल निकास, ठोस फोहर मैला व्यवस्थापन भेक्टर (रोगवाहक) नियन्त्रण जस्ता कार्यहरु पर्दछन् ।

यो नीतिको प्रयोजनको लागि वातावरणीय सरसफाई अन्तर्गत वायु प्रदूषणलाई भने यहाँ समावेश गरिएको छैन ।

घ. शहर :

शहर भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र नगरहरुलाई बुझिन्छ ।

स्थानिय स्वायत्त शासन ऐन ( १९९९ ) ले भइरहेको पूर्वाधार, जनसंख्या र राजश्व संकलन क्षमताको आधारमा शहरहरुको वर्गिकरण यसरी गरेको छ -

अ. महागरपालिका - कम्तीमा ३ लाख जनसंख्या र वार्षिक राजस्व संकलन कम्तीमा रु. १० करोड भएको वस्ती ।

यस्तो वस्तीमा सार्वजनिक सुविधाहरु जस्तै - विजुली, बाटो, खानेपानी, टेलिकम्प्यूनिकेशन हुनु पर्नेछ ।

आ. उपमहानगरपालिकाका- कम्तीमा १ लाख जनसंख्या र वार्षिक राजश्व संकलन कम्तीमा ५ करोड भएको बस्ती । यस्तो वस्तीमा सार्वजनिक सुविधाहरु जस्तै - विजुली, बाटो, खानेपानी, टेलिकम्प्यूनिकेशन हुनु पर्नेछ ।

इ. नगरपालिका - कम्तीमा २० हजार जनसंख्या र वार्षिक राजश्व संकलन २० लाख भएको वस्ती । यस्तो वस्तीमा सार्वजनिक सुविधाहरु जस्तै - विजुली, बाटो, खानेपानी, टेलिकम्प्यूनिकेशन हुनु पर्नेछ ।

हिमाल र पहाडी क्षेत्रमा, कम्तीमा १० हजार जनसंख्या र वार्षिक राजस्व संकलन कम्तीमा रु १० लाख र सीमित पूर्वाधार विकास भएका छन् भने पनि अवस्था हेरी नगरपालिका घोषणा गर्न सकिने छ ।

राष्ट्रिय शहरी नीति (२००७) ले शहरको परिभाषालाई फराकिलो पारेको छ । कम्तीमा ५ हजार जनसंख्या र जनघनत्व कम्तमिा १० जना प्रति हेक्टर भएको बस्तीलाई पनि शहर भनिएको छ । थप आधारहरु - कम्तीमा ५० % जनसंख्या १० वर्षभन्दा माथि छन् र गैऱ्ह कृषिजन्य आर्थिक कारोवारमा संलग्न छन् , आधारभूत पूर्वाधारहरु जस्तै विद्युत (राष्ट्रिय प्रसारण ग्रीडको), टेलिकम्प्यूनिकेशन, माध्यमिक विद्यालय र स्वास्थ्य केन्द्र छन् भने पनि शहर मान्न सकिन्छ ।

यस ढाँचाभित्र २ थप वर्गिकरण गरिएको छ :

घ. Intermediate Town

- जनसंख्या १०-५० हजारको वीचमा भएमा,

ङ. साना सहर - जनसंख्या ५-१० हजारको वीचमा भएमा ।

सेवा स्तर :

नवौं योजनामा, दैनिक, पानी खपत, गुणस्तर, दिनमा पानी आपूर्ति हुने अवधि र वर्षभरिमा पानी उपलव्ध हुने अवधिको आधारमा सेवास्तर निर्धारण गरिएको छ ।

| सेवा स्तर | उच्च | मध्यम | आधारभूत |
|---|---|---|---|
| परिमाण (Lpcd) | ११२-१५० | ६५ | २०-४५ |
| गुणस्तर | विश्व स्वास्थ्य संघको मापदण्ड | राष्ट्रिय खानेपानी गुणस्तर | पिउन योग्य |
| पहूँच | घरभित्रै जोडिएको -पुरै प्लम्वीङ भएको) | घरको कम्पाउण्डभित्र -आँगनमा धारा) | सार्वजनिक धारा २० मिनेटको दूरीभित्र |
| आपूर्ति अवधि Hrs/day | २४ | २४ | ४ |
| उपलव्ध हुने अवधि month/year | १२ | १२ | १२ |

## २. लक्ष्य :

दीगो खानेपानी तथा सरसफाईका सुविधा र वातावरण संरक्षणको माध्यमद्वारा शहरी जनसंख्या विशेष गरी गरीव र सीमान्तकृत जनताको स्वास्थ्यमा सुधार ल्याउने र सामाजिक आर्थिक विकास सुनिश्चित् गर्ने लक्ष्य यो राष्ट्रिय शहरी खानेपानी तथा सरसफाई नीतिले लिएको छ ।

## ३. नीति :

यो नीति कार्यान्वयनका लागि ६ वटा मूख्य सिद्धान्तहरु पहिचान गरिएको छ । ती हुन् :

### नीतिगत सिद्धान्त

१. जन स्वास्थ्य

२. आर्थिक विकास

३. समावेशिकरण (सामाजिक)

४. लगानीको संरक्षण र अधिकतम उपयोग

५. वातावरण संरक्षण

## ३.१ विशिष्ट उद्देश्यहरु :

१. सन् २०१७ सम्म सम्पूर्ण शहरी जनतालाई आधारभूत सुरक्षित र पर्याप्त खानेपानी तथा सरसफाईको सुविधा उपलब्ध गराउने ( X % लाई उच्च र मध्यम सेवास्तर सहित) ।

२. शहरी क्षेत्रमा पानी र सरसफाईसंग सम्वन्धित रोगहरु लाग्ने केसहरु (घटना)हरुको संख्या घटाउने ।

३. शहरी क्षेत्रमा पानीको उपयोगलाई उत्पादकमूलक वनाएर र सवै प्रकारका फोहर मैलाको उत्तरदायीपूर्ण व्यवस्थापन गरेर सामाजिक आर्थिक विकासलाई अघि बढाउने ।

४. गरीव र सीमान्तकृत समूदायलाई आधारभूत सेवा पुगेको र उनीहरुको सेवासंग सरोकार राख्ने निर्णय प्रकृयामा विशेष गरी महिलाको सहभागीता छ भन्ने कुरा सुनिश्चत गर्ने ।

५. नयाँ तथा विद्यमान स्कीमहरुको सन्चालन, मर्मत संभार पारदर्शी र प्रभावकारी तवरले होस् तिनले आफ्नो डिजाइन अवधिभर तोकिएको सेवास्तर प्रदान गर्न सकून भन्ने उद्देश्यका लागि पानी आपूर्तिकर्ता संस्थाको संस्थागत र संचालन क्षमता विकास गर्ने ।

६. जमीनको सतही तथा भूमिगत पानीको श्रोत, उपभोग र व्यवस्थापन प्रभावकारी र समानुपातिक तवरले गर्ने र श्रोत संरक्षणका साथ वरिपरिको परिस्थितिक प्रणालीको संरक्षण गर्ने ।

७. राष्ट्रिय विकेन्द्रीकरणको नीति अनुरुप आयोजना तर्जुमा, निर्माण र संचालन लगायतका क्रियाकलापमा केन्दीय र स्थानीय सरकारी कार्यालय, वाह्य विकास सहयोगी, नीजि क्षेत्र र उपभोक्ता समिति, गैन्ह सरकारी संस्था आदिको काम र कर्तव्य स्पष्टरुपमा किटान गर्ने ।

८. गैन्ह सरकारी संस्था लगायत नीजि क्षेत्रको सहभागिता सहित शहरी खानेपानी आपूर्ति तथा सररफाई सेवा प्रदान गर्ने, उचित देखिएमा व्यवस्थापन, सुधार विस्तार जस्ता कार्यमा निजि क्षेत्रको संलग्नतालाई वढावा दिने ।

## ४. रणनीति :

नीतिहरु कार्यान्वयनको सुनिश्चितताको लागि निम्नलिखित रणनीतिहरु अपनाइने छन् :

## ४.१ जनस्वास्थ्य

(उद्देश्य १॥ सन् २०१७ सम्म सम्पूर्ण शहरी जनतालाई आधारभूत सुरक्षित र पर्याप्त खानेपानी तथा सरसफाईको सुविधा उपलव्ध गराउने ( X % लाई उच्च र मध्यम सेवास्तर सहित) ।)

(उद्देश्य २ शहरी क्षेत्रमा पानी र सरसफाईसंग सम्वन्धित रोगहरु लाग्ने केसहरु (घटना)हरुको संख्या घटाउने ।)

४.१.१ राम्रोसंग संचालनमा रहेका खानेपानी तथा सरसफाईका सुविधाहरुले जनस्वास्थ्यको संरक्षण गर्दछ । यो कार्यमा कम्तीमा दिनको १०० लिटर प्रतिव्यक्ति (घरमै धारा हुँदा), ६५ लिटर प्रतिव्यक्ति (आँगनमा धारा हुँदा) र ४५ लिटर प्रतिव्यक्ति (सार्वजनिक धारा) को हिसावले रा.खा. गु. मापदण्ड[३] वमोजिमको खानेपानी वितरण गर्नाले मद्दत पुग्छ । तोकिएको गुणस्तर कायम राखी निरन्तर रुपमा पानी आपूर्ति गर्ने कामको लागि सम्वन्धित निकायलाई संधै उत्प्रेरित गरिने छ ।

४.१.२ पानीको श्रोतहरु संरक्षण गरिने छन् । स्थानीय तहमा उपयोगी हुने प्रशोधन विधिको प्रयोग गरी राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड वमोजिम हुनेगरी वितरण गरिने पानी प्रशोधन गरिनेछ । भूमिगत पानीमा आर्सेनिकको मात्रा अनुगमन गर्ने र त्यसलाई हटाउने उपयुक्त विधिहरु प्रयोगगर्ने तर्फ विशेष ध्यान दिइनेछ । वितरण प्रणालीका निश्चित् विन्दुवाट[४] पानी-नमूना संकलन गरी प्रामाणिक प्रयोगशालामा परीक्षण गरी प्रतिवेदन सार्वजनिक गरिनेछ । साधन सम्पन्न र दक्ष प्राविधिक सहितका क्षेत्रिय प्रयोगशाला स्थापना गरिनेछ । पानी आपूीर्तकर्ता र संचालनकर्ताहरुलाई पानीको गुणस्तर परिक्षण र पानी प्रदूषण नहुन दिन गरीने विधिहरुवारे ज्ञान र सीप दिइनेछ ।

४.१.३ राष्ट्रिय शहरी नीतिमा उल्लेख भए जस्तै सवै खानेपानी आयोजनामा वातावरणीय सरसफाईलाई पनि समावेश गरिनेछ । यो शहरी गुरुयोजना को एक अभिन्न अंगको रुपमा रहनेछ । राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड र खानेपानी शुल्क निर्धारण आयोगको निर्देशिका अनुसार घरायसी व्यवसायिक भवन तथा संस्थागत तह सवैमा ढल निकास, फोहरमैला व्यवस्थापन समावेश गरिनेछ । शहरीको केन्द्रीय क्षेत्रमा ढलनिकास व्यवस्थापनका लागि प्रणाली निर्माण गरिनेछ, जहाँका वासिन्दा लगानीमा संलग्न हुन चाहन्छन् । अन्य क्षेत्रमा स्थलगत सरसफाईका सुविधाहरु वनाउन प्रोत्साहन गरिनेछ । इको-सान जस्ता नौलो प्रविधिलाई स्थलगत सरसफाईका सुविधा अन्तर्गत वढावा दिइनेछ । फोहरपानीको प्रशोधन र प्रशोधित फोहरपानीको गुणस्तरलाई वातावरण संरक्षण नियमअनुसार लागू गरिनेछ । फोहरमैलालाई सुरक्षित तवरले पुनः प्रयोगमा ल्याउने कार्यलाई वढावा दिइनेछ ।

---

[३] राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड र खानेपानी महसुल निर्धारण आयोगद्वारा परिभाषित

[४] सामान्यतया स्रोत, इन्टेक, पानी पोखरी र वितरण प्रणालीका केही स्थानहरु

४.१.४ स्वास्थ्य शिक्षा र सरसफाई सम्वन्धि जनचेतना, स्थानीय सरकारी निकाय, गैसस आदिको माध्यमद्वारा गरिनेछ ।

पानी भण्डारण प्रयोग र फोहरमैला सम्वन्धि कामहरु सुरक्षित र स्वस्थ्यकर तवरले हुने कुरा निश्चित् गरिनेछ । आधारभूत खानेपानी तथा सरसफाईका सुविधा दिएर, आमजनताको स्वास्थ्य रक्षा गरिनेछ । यसका लागि लचिलो आर्थिक संयन्त्र, जस्तै क्रस-सवसिडी, उपयुक्त र कम खर्चिलो प्रविधिहरु अपनाइनै छ ।

४.१.५ खानेपानी तथा सरसफाईजन्य रोगहरुको महामारी फैलिएको वेला स्वास्थ्य तथा जनसंख्या मन्त्रालय इपिडिमियोलजी र रोग नियन्त्रण शाखासंगको परामर्शमा "Rapid Response Team" परिचालन गरिनेछ ।

## ४.२. आर्थिक वृद्धि :

(उद्देश्य ३ शहरी क्षेत्रमा पानीको उपयोगलाई उत्पादकमूलक वनाएर र सवै प्रकारका फोहर मैलाको उत्तरदायीपूर्ण व्यवस्थापन गरेर सामाजिक आर्थिक विकासलाई अघि बढाउने )

४.२.१ पानीको अन्तरनीहित आर्थिक महत्व र दीर्घायु र सुखी जीवनको लागि सरसफाइले खेल्ने प्रमुख भूमिकालाई मनन् गर्दै आर्थिक वृद्धि यो नीतिको मुख्य आधार मानिनेछ । यसै अनुसार पर्याप्त खानेपानी तथा सरसफाईको सुविधा प्रदान गरेर व्यापारिक तथा घरेलु उद्योग विकास, जसले शहरी क्षेत्रमा रोजगारी वढाउन सहयोग गर्छ, लाई प्रोत्साहन गरिनेछ । विना योजना ठूलो स्तरमा वनेका औद्योगिक प्रतिष्ठानहरु ( पानी उपभोगको परिमाणको आधारमा परिभाषित) ले आफनोलागि आवश्यक खानेपानी तथा सरसफाईका सुविधाहरु आफैले वन्दोवस्त गर्ने छन् । - (जलस्रोत नियम (१९९३) को इजाजत लिन चाहिने प्रावधान अनुसार)

४.२.२ आयोजनाका डिजाइन अवधिमा गरिने सर्वेक्षणले पानीको खपत दर, जनसंख्या र आर्थिक वृद्धि हुँदा चाहिने थप पानी मात्रामा निर्धारण गरिनेछ । त्यसै गरी सरसफाईको प्रावधानले व्यापारिक ठोस तथा तरल फोहरलाई तरह लाउने ( विर्सजन गर्ने) कामलाई पनि अघि सार्दछ । Sliding Tariff Rates (चल शुल्क दर) ले लागत उठाउने लक्ष पूरा गर्नेछ ।

४.२.३ राष्ट्रिय शहरी नीति अनुसार खानेपानी तथा सरसफाइका सेवाका स्कीमहरु निर्माण पुनः निर्माण र व्यवस्थापन र स्थानीय पानीबजार स्थापना गर्न नीजि क्षेत्रको लगानीलाई प्रोत्साहन गरिनेछ ।

४.२.४ नीजि क्षेत्रका संघ संस्थालाई "Corporate Social Respons" सामाजिक दायित्व पूरा गर्ने क्रियाकलाप जस्तै गरिवहरुको वस्तीमा थप सेवा पुर्‍याउने, विद्यालयमा शैक्षिक कार्यक्रम गर्ने र वातावरण सुधार आयोजना गर्न प्रोत्साहन गरिनेछ ।

## ४.३ सामाजिक समावेशीकरण : गरीव र उत्पीडित समूहलाई सेवा

(उद्देश्य ४ गरीव सीमान्तकृत समूदायलाई आधारभूत सेवा पुगेको र उनीहरुको सेवा संग सरोकार राख्ने निर्णय प्रकृयामा विशेष गरी महिलाको सहभागिता छ भन्ने कुरा सुनिश्चित गर्ने)

४.३.१ आधारभूत सेवाको कमीले सवभन्दा नराम्रो असर गरीव जनतामा पर्छ भन्ने तथ्यलाई मनन् गरी यो नीतिले त्यस्ता समूदायको दीगो आधारभूत सेवामा, उनीहरुले धान्न सक्ने मूल्य तिरेर पहुँच पुगोस, र उनीहरुसंग सरोकार राख्ने सेवा सम्वन्धि निर्णय प्रकृयामा पनि संलग्न हुन भन्ने सुनिश्चितता राख्नेछ । यस्ता समूदायका व्यक्तिहरुसंग नागरिकता वा जमीनको स्वामित्व (लालपूर्जा) भएपनि नभए पनि यो नीति लागू हुनेछ । त्यसैले सुकुम्वासी बसेको क्षेत्र र गरीव गुरुवा बसेको क्षेत्र पनि आफसेआफ सेवा क्षेत्रभित्र पर्दछन् ।

४.३.२ शहरका गरीव जनताका लाागि दिइने सेवाहरु ऋम-सवसीडीमा उपलव्ध गराउन सहयोग पुग्नेछ ।` स्थानीय सरकारी निकाय, शुल्क निर्धारण र अन्य आर्थिक संयन्त्रले आपूर्तिकर्ता, स्थानीय गेसस, सामूदायिक क्लवका आदिको सहयोगमा अधिकारयुक्त निकायले कुन कुन समुदायलाइ गरीव समूदाय मान्ने भने आधार र कसलाइ सवसीडि दिने भन्ने कुराको निर्धारण गर्दछ । यस्ता मामिलामा स्वतन्त्र रुपले नियम र माग निर्देशन दिने काम खानेपानी शुल्क निर्धारण आयोगले गर्दछ ।

४.३.३ संभव भएसम्म, गरीव, उत्पीडित समूहले खानेपानीको वितरण पाइप लाइन वा ढल संकलन पाइपलाइनमा आफनो पाइप जडान गर्ने खर्च व्यहोर्न पर्दैन । यो खर्च स्कीमको कूल लागत खर्चमा समावेश गरिएको हुनेछ । स्कीम डिजाइन र लागत अनुमान निश्चित भइसकेपछि सेवा उपलव्ध गर्न चाहने उपभोक्ताले भने छुट्टै जडान शुल्क तिर्नु पर्नेछ । सार्वजनिक धाराको पानी महसूल भने ऋससव्सीडी गरिने छ र मर्मत सम्भार खर्च मात्र उठने गरी महसूल निर्धारण गरिनेछ । गरीव उपभोक्ताहरुले पनि पानी महसूल तिर्न सकून् भनेर ऋण सहयोग वा नियमित किस्तावन्दीको सुविधा दिइनेछ ।

४.३.४ लगानी, निर्माण र पुनः निर्माणमा नीजि क्षेत्र संलग्न भएको अवस्थामा पनि यस्तो कार्य सम्झौता गर्ने सरकारी संस्थाले ४.३.१-४.३.३ का नीतिहरु अनिवार्य लागू गराउने प्रावधान राख्नेछ ।

४.३..५ गरीव र सीमान्तकृत समूह, विशेष गरी महिलाहरुको, आवश्यकता र अधिकार खानेपानी तथा सरसफाई समिति या उपसमितिमा तिनको प्रतिनिधित्वलाई अनिवार्य गरी) को संरक्षण गरिनेछ । यस्तो कुराको सुनिश्चितता खानेपानी महसूल निर्धारण आयोग र गैससद्वारा गरिने सार्वजनिक लेखा परीक्षणद्वारा गरिनेछ ।

४.३.६ खानेपानी तथा सरसफाई आयोजना तर्जूमा, कार्यान्वयन, मर्मत सम्भार तथा संचालन जस्ता सम्पूर्ण पक्षमा महिला सहभागितालाई जोड दिइनेछ ।

## ४.४ लगानीको अधिकतम उपयोग र संरक्षण

(उद्देश्य ५ नयाँ तथा विद्यमान स्कीमहरुको संचालन मर्मत सम्भार पारदर्शि र प्रभावकारी तवरले होस, तिनले आफनो डिजाइन अवधिभर तोकिएको सेवा स्तर

प्रदान गर्न सकून भन्ने उद्देश्यका लागि पानी आपूर्तिकर्ता संस्थाको संस्थागत र संचालन क्षमता विकास गर्ने)

४.४.१ यदि स्कीमद्वारा पाइने सेवालाई दिगो पार्ने, शहरी अर्थतन्त्रलाई बढाउने र पैसाको मान प्राप्त गर्ने हो भने पूर्वाधार निर्माणमा लाग्ने खर्चिलो लगानीको संरक्षण हुनुपर्छ । यो कुरा वाह्य संस्थाको लगानीवाट वनेको र उपभोक्ताहरुवाट लागत उठाइने स्कीमका लागि त झन आवश्यक छ ।

यस सन्दर्भमा, सरकारले उपभोक्ता माथि पर्ने वित्तिय भारलाई कम गर्नका निम्ति, डिजाइनलाई युक्तिसंगत तुल्याउने, स्कीमको लागतलाई यथोचित तहमा ल्याउने, पारदर्शिताको लागि सार्वजनिक लेखा परिक्षण गराउने, ऋण सहयोग, पुनः तिर्ने, भन्सार महसूल छुट गराउने जस्ता प्रयासहरु गर्नु पर्नेछ । खानेपानी उपभोक्ता समितिलाई नीजि कम्पनीको हैसियत दिएर सावजनिक या नीजि क्षेत्रका वित्तिय संस्थाहरु मध्ये एक छान्न सक्ने, पानीको स्रोत प्रयोग गर्ने अधिकार सुरक्षित गर्ने, खानेपानी सुरक्षा योजना तयार तथा कार्यान्वयन गर्ने जस्ता काम गर्न सक्ने तुल्याउनु पर्छ । स्कीम निर्माण सम्पन्न गर्न विना यथेष्ट कारण, ढीला भएमा क्षतिपूर्ति (ढिलो भई हुने थप ऋण भार समेत गरी त्यस्ता संस्थावाट - जसको कारणले ढीलो भएको छ) उठाउने गरिनेछ ।

४.४.२ धेरै जसो शहरी स्कीमहरुले डिजाइन तहको सवै सेवा दिन सकेका छैन र वढ्दो मागलाई सम्वोधन हुन सकेको छैन । सामान्यतः अपर्याप्त । संस्थागत, वित्तिय, व्यवस्थापन, मर्मत सम्भार र सन्चालनका प्रावधानले यस्तो हुन गएको हो । उपलव्ध स्रोतहरुको अधिकतम प्रयोग, दीगो, प्रभावकारी र उत्तरदायीपूर्ण संचालन र सम्भार व्यवस्थापन प्रणाली यो नीतिको केन्द्र विन्दु भएका छन् । यसै अनुसार निम्नलिखित आधारमा दिगो खानेपानी र सरसफाई सेवाको लागि उपयुक्त र कम खर्चिलो पद्धतिलाई प्रोत्साहन गरिनेछ ।

१. <u>उपभोक्ताले तिर्न चाहेका र तिर्न सक्ने प्रविधि र प्रणाली</u>

खानेपानी तथा सरसफाई स्कीम छान्दा, योजना तर्जूमा गर्दा डिजाइन र निर्माण गर्दा सम्भव भएसम्म, माग निर्देशित पद्धति अपनाइने छ । भइरहेको प्रणालीको अध्ययन प्रविधि छनौट सेवास्तर (उपभोक्ताले चाहेका) विद्यमान प्रविधि र लागत आदिको वारे जानकारी लिन सम्भावित उपभोक्ताहरुसंग व्यापक छलफल र परामर्श गरिनेछ ।

२. <u>उपयुक्त शुल्क (महसूल) निर्धारण</u>

क. पिउने पानीको यथोचित प्रयोगलाई प्रोत्साहन गर्ने, शुल्क सम्वन्धि सवै व्यवस्थाले पानीको संरक्षणलाई पुरस्कृत गर्नेछ । जलस्रोत ऐन (१९९३) अनुसार भुमिगत पानी प्रयोगलाई इजाजत लिनुपर्ने, मिटरद्वारा तानिएको पानीको आयतन नापेर सो अनुसार शुल्क तिर्नुपर्ने व्यवस्था गरिनेछ ।

ख. खानेपानी आपूर्ति सेवाको वित्तिय दीगोपन जोगाउन उपभोक्ताहरुवाट लागत उठाउने

- पूँजीगत लगानीका निश्चित प्रतिशतको आधारमा नगद वा जिन्सी ( शहरको) सामाजिक आर्थिक वर्गीकरण अनुसार) उठाउने
- सम्भार मर्मत तथा संचालन खर्चको १०० प्रतिशत उठाउने
- १०० % ऋण चुक्ता गर्ने रकमको ।

नोट : सतही (वर्षाते) पानीको ढल, स्यानीटरी ढल, फेहरमैला संकलन, प्रशोधन र विसर्जनका लागि लाग्ने खर्च प्रायः जसो नगरपालीकाले आफ्नो गूरुयोजना अन्तर्गत अनुदान सहयोगबाट गरेको हुन्छ । तर मर्मत संभार र संचालन खर्च भने उपभोक्ताले व्यहोर्नु पर्छ ।

ग. गरीव र सीमान्तकृत समूदायलाई ग्राह्य हुने जीवन शुल्क हुने गरी क्रस-सव्सीडी, चक्रीय ऋण कोष तथा अन्य वित्तिय संयन्त्र मार्फत सम्पूर्ण जनतालाई एक समान पानी र संरसफाइका सेवा उपलव्ध गराइने ।

खानेपानी महसूल निर्धारण आयोगको निर्देशनमा प्रत्येक खानेपानी आपूर्ति कर्ताले आफै महसूल निर्धारण गर्ने छन् । आर्थिक वृद्धिको लागि, संभव भए अनुसार धेरै पानी खपत गर्ने उपभोक्ताबाट उठाइने महसूल दर भिन्न हुन्छ ।

खानेपानी महसूल निर्धारण आयोगले निर्देशिका (महसूल निर्धारण पुनरावलोकन आवधिक मुद्रा स्फीतिको समायोजन आपूर्तिकर्तालाई तथा उपभोक्ताहरुलाई सूचना) तयार पार्दा स्पष्टता र पारदर्शीपन अपनाउनु पर्नेछ ।

ढीलो महसूल तिर्नेलाई अनिवार्य जरिवाना लगाउने प्रावधान स्पष्ट राखिने छ र तिनको पालना पानी आपूर्तिकर्ता संस्थाले गर्नेछ । एउटा निश्चित अवधि नाघेपछि पनि शुल्क नबुझाउने उपभोक्ताको सेवा पाइप लाइन काटिने छ । पुनः जडानको खर्च शुल्क नबुझाउने उपभोक्ताबाट उठाइने छ । गरीवहरु भने यसमा अपवाद हुनेछन् , जसले आधारभूत सेवा सार्वजनिक धाराबाट प्राप्त गरेका हुन्छन् । सार्वजनिक धारा र आँगनमा जदिएका धारा जसको घरमूली एकल महिला वा अर्के तरीकाले योग्य (disabled) मान्छे हुन्छन् ।

३. <u>जनसाधन विकास</u>

स्थानीय निकाय, नीजि क्षेत्रका संस्था र स्थानीय समूहका सरकारी सम्वद्ध निकायहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

जनसाधन विकास अन्तर्गत गरिने क्रियाकलापहरु :

१. सार्वजनिक तालिम केन्द्रहरु क्षमता विकास (CHRDU, NASC, CTEVT, ) नीजि क्षेत्रका उपयुक्त तालिम केन्द्रहरुले तालिम अभिमूखिकरण कार्यक्रम संचालन गर्नु सकून् ।

२. लघु व्यापारको सिद्धान्त र व्यवहार अनुसार खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानी तथा सरसफाई स्कीमको मर्मत संभार र व्यवस्थापन गर्न सकून भनेर उपयुक्त तालिम कार्यक्रम संचालन गर्ने । समितिका सदस्यलाई नीजि क्षेत्रका

संघ संस्थामा “काम - गर - सिक” on the Job Training भन्ने सिद्धान्त अनुसार व्यवस्थाकीय तालिम गराउने ।

३. स्थानीय निकाय (VDC, DDC, Municipalities), पानी आपूर्तिकर्ता प्लाण्ट संचालक, उपभोक्ता समिति DWSS, NWSC का कर्मचारीलाई शहरी खानोपानी सेवा संवन्धी प्रावधानहरु वारे तालिम दिइने छ । डिजाइन, निर्माण, संभार मर्मत जस्ता प्राविधिक विषयका अतिरिक्त सरसफाई, वातावरण संरक्षण, जस्ता विषय समावेश गरिनेछ । त्यस्तै गरी अन्य प्रमूख विषयहरु सहभागीतात्मक योजना तर्जूमा, सामाजिक परिचालन, सामाजिक समावेशीकरण, संचार , ठेक्कापट्टा व्यवस्थापन, स्कीम व्यवस्थापन, अनुगमन प्रणाली आदि मूख्य विषय हुनेछन् ।

४. स्कीमका उपभोक्ताहरुलाई विशेष गरी गरीव र सीमान्तकृत समूहलाई मध्यनजर राखि , स्वास्थ तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ शिक्षा , सूचना तथा संचार शाखा, स्थानीय निकाय र गैससको स्रोत परिचालन गरी संयुक्त रुपमा स्वास्स्थ्य शारीरिक शिक्षा, सरसफाइ सम्वन्धी सूचना आदि प्रदान गरिनेछ ।

५. खानेपानी तथा सरसफाई सुविधाका संचालन संभार तथा मर्मत, अनुगमन सम्वन्धी आधारभूत तालिम टेक्निसियन, कनिष्ठ टेक्निसियन, मिस्त्री आदिलाई जिल्ला स्तरमै नीजि क्षेत्रका प्रशिक्षकहरुद्वारा तालिम संचालन गर्ने ।

## ४.५ वातावरण संरक्षण

(उद्धेश्य ६ जमिनको सटही तथा भूमिगत पानीको स्रोत उपभोग र व्यवस्थापन प्रभावकारी र समानुपातिक तवरले गर्ने र स्रोत संरक्षण साथै वरिपरिको पारिस्थितिक प्रणालीको संरक्षण गर्ने)

४.५.१ सतही र भूमिगत पानी फोहरपानी, औद्योगिक वहिस्रावः र अन्य फोहरमैलाद्वारा प्रदूषित भयो भने पानीको गुणस्तरमा ऱ्हास आउँछ र साथै वातावरणमा नराम्रो असर पर्दछ । त्यसैले स्कीमको दिगोपनको लागि वातावरण संरक्षण र सुधार हुन अति जरुरी छ । पानीको प्रयोग यसरी हुनु पऱ्यो कि उपभोक्ताको आवश्यकता पनि पूरा होस् , स्रोत र वातावरण संरक्षण पनि होस् ।

४.५.२ पानीको स्रोत र वहाव क्षेत्रको संरक्षण, भूमिगत पानीको रिचार्ज, वातावरणीय सरसफाइ, पानी सदूपयोग जस्ता सवालहरुलाई सम्वोधन गर्न विद्यमान कानूनी ढाँचालाई यथोचित पुनरावलोकन गरिनेछ । खानेपानी तथा सरसफाइका सम्पूर्ण स्कीमहरु वातावरणीय मापदण्ड र नियमहरुको परिधिमा रहनेछन् । स्थानीय खोलानाला, ताल जस्ता पानीमा फ्याँकिने ढल, विषक्त रसायन, औद्योगिक तथा अस्पतालका फोहरमैलाका पारामतिका मापदण्ड, तयार गर्ने अध्यावधिक गर्ने र लागू गर्ने काम सरकारले गर्नेछ ।

४.५.३. प्रारम्भिक वातावरणीय परिक्षण वातावरणीय प्रभाव मूल्याकंन :

वातावरण संरक्षणका नियम र वातावरण संरक्षण ऐन (१९९७) अनुसार संभाव्य वातावरणीय असरहरु पत्ता लगाउन प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याकंन सम्पूर्ण आयोजनामा गरिनेछ । यस्तो मूल्याकंनले प्रमूख सरोकार वाला -उपभोक्ता समेत) हरु संगको छलफल र परामर्श समेत समेट्ने छ ।

४.५.४ वातावरणीय प्रभावहरु न्यूनिकरण गर्ने, निर्माणपूर्व, निर्माण अवधि र निर्माण पश्चात् पनि केही उपायहरु प्रकृया अवलम्वन गरिने छन् । आवश्यक सूधारात्मक क्रियाकलाप पनि समेटिने छन् ।

४.५.५ वातावरण मैत्री खानेपानी तथा सरसफाईका प्रविधि जस्तै कम Power खपत हुने आपूर्ति तथा प्रशोधन प्रणाली अपनाइने छ । विशेष गरी वातावरण मैत्री फोहरपानी र फोहर मैला व्यवस्थापन प्रणालीलाई जोड दिइनेछ ।

४.५.६ शहरी गुरुयोजना अनुसार वातावरण सुधार योजना कार्यान्वयन गरिनेछ । यसमा स्थानीय परिस्थिति प्रणाली र छिमेकी पानी वहाव क्षेत्रलाई संरक्षणलाई पनि ध्यान दिइनेछ ।

## ४.६ दक्ष, प्रभावकारी, उत्तरदायी शहरी खानेपानी तथा सरसफाई क्षेत्र

(उद्देश्य ७ राष्ट्रिय विकेन्द्रिकरणको नीति अनुरुप आयोजना तर्जूमा, निर्माण र संचालन लगायतका क्रियाकलापमा केन्द्रीय र स्थानीय सरकारी कार्यालय, वाह्य विकास सहयोगी, निजी क्षेत्र र उपभोक्ता समिति गैह्र सरकारी संस्था आदिको काम र कर्तव्य स्पष्ट रुपमा किटान गर्ने)

(उद्देश्य ८ गैह सरकारी संस्था लगायत निजी क्षेत्रको सहभागितामा शहरी खानेपानी आपूर्ति तथा सरसफाई सेवा प्रदान गर्ने, उचित देखेमा व्यवस्थापन सुधार विस्तार जस्ता कार्यमा निजी क्षेत्रको संलग्नतालाई वढावा दिने)

४.६.१ भूमिका र कर्तव्यहरु :

१. नेपालको नयाँ संविधान र राष्ट्रिय विकेन्दीकरण नीति अनुरुप केन्द्रिय, संघीय र स्थानीय सरकारी निकाय, उपभोक्ता समिति, नीजी क्षेत्र, दातृ निकाय आदिका भूमिकाहरु स्पष्ट पारिनेछ । संस्थाहरुको कार्य क्षेत्र एक अर्कामा खप्टीन नजाउन, संस्थाहरु वीच विभिन्न तहमा संयोजन र संस्थागत उत्तरदायित्व विकास भई खानेपानी तथा सरसफाई क्षेत्रको दक्षता अभिवृद्धि गर्नु प्राथमिक उद्देश्य हो ।

२. समष्टीमा भन्नु पर्दा, केन्द्रीय सम्वद्ध संस्थाहरुले नीति निर्माता, नियमनकर्ता सहजकर्ता, प्राविधिक टेवा दिने संस्था र अनुगमन तथा मूल्यांकन गर्ने संस्थाको भूमिका खेल्छ ।

आयोजनाको स्वामित्व लिने, आयोजना कार्यान्वयन र व्यवस्थापनको जिम्मेवारी स्थानीय निकाय, नगरपालीका, उपभोक्ता संस्था, खानेपानी व्यवस्थापन वोर्ड र नीजि क्षेत्रका संस्थाले लिन्छन् । समुदायको जनचेतना अभिवृद्धि गर्ने र सार्वजनिक

लेखा परिक्षण गर्ने काममा गैससले ठूलो भूमिका खेल्छ । सवै सरोकारवालाहरुको आआफनो काम र कर्तव्य नेपालीमा भाषामा स्पष्ट लेखिएको दस्तावेजमा सवैको हस्ताक्षर भएको दस्तावेज हुनु हरेक आयोजनाको कार्यान्वयनका लागि निम्मतम आवश्यकता हो । सवै प्रकारको सम्झौता जसमा वित्तिय दायित्व हुन्छ, उपभोक्ता समिति र अन्य निकायको उपस्थिति हुनैपर्छ ।

उपभोक्ता समिति र समूहभित्रै स्थानीय स्तरमा गरिने अनुगमनका ज्ञान र सीप विकास गरिनेछ ।

३. नियमन र कार्यक्षमता मूल्यांकन गर्ने जिम्मेवारी पानी महसूल निर्धारण आयोगले लिनेछ । शहरी क्षेत्रमा पानी र फोहर पानीको गुणस्तर अनुगमन गर्ने, दण्ड र पुरस्कारको व्यवस्था गर्ने कार्य गर्नेछ । आफ्नो कार्य सम्पादन गर्न आयोगले माग गरेमा प्राविधिक सरसल्लाह र सहयोग, भौतिक योजना तथा निर्माण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, DWSS, NWSS र स्थानीय निकायवाट लिन सक्नेछ ।

    स्वतन्त्र रुपले नियमन गर्ने काम नगरपालीका र विशेषज्ञ सहितका सिमित सोसाइटी र उपभोक्ताका संचालकले गर्न सक्नेछन् ।

४. खानेपानी तथा सरसफाई कोअर्डिनेशन समितिलाई पुनःजीर्वित गरेर यो क्षेत्रभित्र र क्षेत्र वाहिरका सरोकारवालाहरु संगको आपसी सहयोग र समन्वय केन्द्रीय र स्थानीयस्तर दुवैमा वढाउने प्रयत्न गरिनेछ ।

    यो क्षेत्रका संस्था र दातृ संस्था वीच नियमित छलफल र परामर्श हुँदै गरेमा क्षेत्रगत योजना र अनुगमन कार्य र आपसी सहयोगमा गरिने कामहरुको संभाव्यता धेरै देखिनेछ ।

४.६.२ नीजि क्षेत्रको सहभागिता :

१. शहरी खानेपानी तथा सरसफाई सेवा विकास, व्यवस्थापन र सार्वजनिक लेखा परिक्षण जस्ता कार्यमा नीजि क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्न उपयुक्त वातावरण नियमन ढाँचामा तयार पारिनेछ ।

२. निम्न कुराका लागि - शहरी खानेपानी तथा सरसफाई सेवाको विकास र व्यवस्थापनमा नीजि क्षेत्रको सहभागिता र सार्वजनिक- नीजि - साझेदारीलाई वढवा दिन नेपाल सरकार अझै पनि प्रतिवद्ध छ ।

    १. खानेपानी तथा सरसफाई प्रणालीको व्यवस्थापन र पूर्वाधार विकासकालागि थप लगानी जुटाउन,

२. शहरी क्षेत्रमा आधारभूत खानेपानी तथा सरसफाई सुविधालाई सुधार र स्तरोन्नती गर्न,

३. पर्याप्त लागत- उठ्ती, सुधारिएको प्रणाली व्यवस्थापन उपभोक्ता र नगरपालीका स्पष्ट उत्तरदायी आदिको माध्यमले स्कीमको दीगोपन सुनिश्चत् गर्न,

३. नीजि क्षेत्रको संचालकले खानेपानी स्कीम मूनाफा सहित संचालन गर्न सकुन् भनेर आवश्यक निर्देशिका, संरक्षण र स्वायत्तता, कानूनी सुधार, लागत उठ्ती प्रकृया र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डद्वारा स्थापित भइसकेका छन् । अन्य दस्तावेजहरुमा "पूर्वाधार निर्माण र संचालनमा नीजि लगानी, ऐन २००६" सार्वजनिक - नीजि - साझेदारी नीति (स्थानिय निकायका लागि) २००३ र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड ऐन २००७ पर्दछन् ।
यी दस्तावेजहरुमा ठेक्का सम्झौता कार्यान्वयन, सुपरिभिजन, अनुगमन, प्रकृयाका पद्धतिवारे सविस्तार चर्चा गरिएको र ठेक्का सम्झौता प्रकृयामा पारदर्शिता सुनिश्चित् गरेको छ ।

४. सामाजिक समावेशीकरणको उद्देश्य परिपूर्तिका लागि सुकुम्वासी र Slum क्षेत्र दुवैका गरीवहरुले सेवा पाउनुपर्ने र वातावरणीय सवालहरु पनि सम्वोधन हुनुपर्ने सर्तहरु अनिवार्य पालन गर्नुको निम्ति, संचालन अनुमति पत्र दिने वेलामै सम्झौतामा राखिएका हुन्छन् ।

५. संचालक अनुमति दिन देश भित्रकै योग्य निजी क्षेत्रको संस्थालाई विदेशी संस्थागतलाई भन्दा वढी प्राथमिकता दिइने छ ।

६. शहरी खानेपानी तथा सरसफाई सेवामा नीजि क्षेत्रलाई सहभागी तुल्याउनु अघि खानेपानी महसूल निर्धारण आयोगलाई नीजि क्षेत्रका संस्थाको कार्य सम्पादन मूल्यांकन र अनुगमन गर्ने कार्यमा सक्षम वनाइनेछ । उपभोक्ताहरुका हक र हित सम्वन्धमा विशिष्ट ज्ञान भएका गैससद्वारा स्वतन्त्र रुपमा सार्वजनिक लेखा परीक्षण गर्ने कार्यले महत्वपूर्ण भूमिका राख्दछ ।